बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय ललितपुरको
गोलिया काठ/दाउरा बोलपत्रद्वारा लिलाम विक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशन मिति २०८२/११/०५

श्री राष्ट्रिय हर्वेरियम तथा वनस्पति प्रयोगशाला गोदावरी न.पा. ०३, ललितपुरको परिसरमा रहेका जोखिमयुक्त रुखहरु कटान मुछान गरी लट १ कायम भएको र राष्ट्रिय वनस्पति उद्यान गोदावरी न.पा. ०३ ललितपुरको परिसरमा रहेका जोखिमयुक्त रुखहरु कटान मुछान गरी लट २ कायम भएको तथा सम्बन्धित कार्यालयमा घाटगद्धि गरिएको तपसिल बमोजिमको काठ दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले सो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएकोले मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ दिन सम्म सिलबन्दीको बोलपत्र दाखिला गर्न यो सूचना आवहान गरिन्छ ।

<u>तपसिल</u>

१. वन पैदावारको विवरणः

| | वन पैदावार | | | | | | मुल्यांकन (रु.) | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | लट न. | जात | किसिम | थान | ईकाई | परिमाण | न्युनतम | कटान खर्च |
| १ | १ | उत्तिस (ए ग्रेड) | गोलिया | २७ | क्यु.फि. | ३०२.६९ | ३,७१,१३० | १,६१,२३६ |
| २ | | उत्तिस (वी ग्रेड) | गोलिया | २१७ | क्यु.फि. | ९५०.३५ | | |
| ३ | | अन्य | गोलिया | १५८ | क्यु.फि. | १३४७.५३ | | |
| ४ | | कुल जम्मा | | ४०२ | | २६००.५७ | | |
| ५ | | मिश्रित जात | दाउरा | | चट्टा | ४.२५ | | |
| ६ | २ | उत्तिस (ए ग्रेड) | गोलिया | २९ | क्यु.फि. | ३८६.९३ | १,९५,४६७ | ७६,०८९ |
| ७ | | उत्तिस (वी ग्रेड) | गोलिया | ९९ | क्यु.फि. | ४९०.१८ | | |
| ८ | | अन्य | गोलिया | ५२ | क्यु.फि. | २९३.४८ | | |
| ९ | | कुल जम्मा | | १८० | | ११७०.५९ | | |
| १० | | मिश्रित जात | दाउरा | | चट्टा | २ | | |

२. बोलपत्र खरिद तथा दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

क) बोलपत्र खरिद गरिने स्थानः डिभिजन वन कार्यालय ललितपुर

ख) खरिद गर्ने अन्तिम मिति र समयः २१ औ दिन मिति २०८२/११/२५ गते कार्यालय समय भित्र (बोलपत्र खरिद गर्ने अन्तिम दिन सार्वजनिक विदाको दिन परेमा बिदा पछि कार्यालय खुल्ने दिन कार्यालयसमय भित्र खरिद गर्नुपर्नेछ)

ग) दाखिला गर्ने स्थानः डिभिजन वनकार्यालय ललितपुर

घ) दाखिला गर्ने अन्तिम मिति र समयः २२ औ दिन मिति २०८२/११/२६ गते दिनको १:०० बजेसम्म (बोलपत्र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदाको दिन परेमा बिदा पछि कार्यालय खुल्ने दिन दिनको १:०० बजेसम्म दाखिला गर्नुपर्नेछ)

३. बोलपत्र फारम प्रति लटको रु १०००/- पछि फिर्ता नहुने गरी तिरी डिभिजन वन कार्यालयबाट खरिद गर्न सकिनेछ ।

४. बोलपत्रसाथ कबुल गरेको रकमको १० प्रतिशतलले हुन आउने रकम प्रदेश लेखा ईकाई कार्यालय काठमाण्डौको नाममा नेपाल बैक लिमिटेडको धरौटी खाता न. ०१८०२०००००२००३००००० कार्यालय कोड ३२९०१३४०१३ डिभिजन वन कार्यालय ललितपुरमा जम्मा गरेको सक्कलै भौचर वा कम्तिमा ६ महिना मान्य भएको बैक जमानत समावेश गर्नुपर्नेछ ।

५. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र घाटगद्धि स्थानमा गई हेर्न सकिनेछ ।

६. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोपाईटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि र वन नियमावली २०७९ को नियम १२८ बमोजिम उद्योग सूचिकृत भएको प्रमाणपत्रको प्रतिलिपि बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

७. निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८२/११/२६ मा दिनको ३:०० बजे साक्षीहरुको रोहवरमा खोलिने छ ।

८. लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको १५ (पन्ध्र) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर तथा कटान संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईनेछ ।

१०. प्रस्तुल बोलपत्र सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा त्यसको अन्तिम निर्णय दिने अधिकार डिभिजनल वन अधिकृतको हुनेछ ।

११. रीतपूर्वक नभएको वा म्याद नाघी प्राप्त भएको बोलपत्र मान्य हुने छैन ।

१२. प्रस्तुत बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार अधिकार प्राप्त अधिकारीमा निहित हुनेछ ।

१३. थप कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।